السفارة النيبالية
الدوحة -قطر
नेपाली राजदूतावास
Embassy of Nepal
Doha, Qatar

मितिः२०८२।०६।२२

## जरूरी सूचना

कतारमा विभिन्न पेशा र व्यवसायमा कार्यरत रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी र दाजुभाइहरूलाई कतारको नियम, कानून, सांस्कृतिक मूल्य-मान्यता पूर्णरुपमा पालना गर्न नेपाली राजदूतावास, दोहा हार्दिक अनुरोध गर्दछ ।

सार्वजनिक स्थलमा मादक पदार्थको सेवन तथा झैझगडा, लागू पदार्थ ओसारपसार, मादक पदार्थ उत्पादन तथा बिक्री, अश्लील भिडियोको कारोवार, चेक बाउन्स, सामाजिक सञ्जालमा मिथ्या आरोप, गाली गलौज र चरित्रहत्या, तेस्रो मुलुक खासगरी पूर्वी युरोप पठाइदिने भनी ठगी कार्य, अध्यागमन र ट्राफिक नियमको उल्लङ्घन आदि दण्डनीय कार्य भएको हुँदा यस्ता कार्यहरूमा संलग्न नहुन र देहायका विषयहरूमा विशेष सावधानी अपनाउनु हुन यस राजदूतावास कतारका सम्पूर्ण नेपाली समुदायमा हार्दिक अनुरोध गर्दछ ।

१. कतारको कानून, नियम र सांस्कृतिक मूल्य-मान्यताको पूर्ण पालना गर्ने।
२. कतारको कानूनले निषेध गरेका कुनै पनि कार्यहरू नगर्ने।
३. सार्वजनिक स्थलमा मादक पदार्थ र धुम्रपान सेवन नगर्ने।
४. कुनै पनि व्यक्तिले दिएको सामान चेकजाँच नगरी नबुझ्ने।
५. अध्यागमन (Immigration) र ट्राफिक नियमको सधैं पालना गर्ने।
६. जहाँसुकै र जहिलेसुकै शिष्ट, मर्यादित र अनुशासित व्यवहार गर्ने।
७. कसैसँग कुनै किसिमको नगद कारोबार वा लेनदेन नगर्ने।
८. प्रलोभनमा परेर वा नबुझिकन कुनै कागजातमा सही गर्न नहुने।
९. आफ्नो राहदानी (Passport), कतार परिचय पत्र (Qatar ID), बैंक अकाउण्ट नम्बर, फोनको सीम कार्ड कसैलाई पनि नदिने र QID बुझाई कुनै किसिमको बैंक ऋण नलिने।
१०. एउटा कम्पनीको QID लिएर अर्को कम्पनीमा काम गर्नु वैधानिक नहुने।
११. भाङ्गको अचार, मर्चा जस्ता कुराहरू ल्याउन र लेनदेन गर्न नहुने।
१२. सामाजिक संजालहरूमा व्यक्तिगत चरित्रहत्या गर्ने तथा सामाजिक सद्भाव खलबल्याउने किसिमले जथाभावी पोस्ट नगर्ने।
१३. नेपाली चाडपर्वहरू मनाउँदा स्थानीय धार्मिक र सांस्कृतिक संवेदनशीलता तथा मूल्य-मान्यतालाई गंभीरताका साथ ध्यान दिनुपर्ने। चाडपर्व होस वा अन्य समय, कुनैपनि बेला जुवातास खेल्न नहुने।
१४. सार्वजनिक स्थलमा फोटो खिच्दा र टिकटक लगायतका भिडियो बनाउदा अपरिचित व्यक्तिहरूलाई फ्रेममा लिन नहुने।
१५. सार्वजनिक स्थलमा अमर्यादित, उच्छृङ्खल र भड्किलो पोशाक लगाएर हिड्न नहुने।
१६. कतार सरकारको सम्बन्धित निकायबाट पूर्व स्वीकृति नलिई कुनै पनि कार्यक्रम गर्न नहुने।
१७. नेपाली समुदायबीच एकता कायम गर्न सबै संघसंस्था र समाजहरूवीच आपसी सद्भाव र सहयोग अभिवृद्धि गर्ने।